*(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम तयार गरी प्रकाशन गरिएको)*

*आर्थिक वर्ष २०८०/८१ को*

# प्रथम त्रैमासिक प्रतिवेदन

(२०८० साउन-असोज)



***(सूचनाको अधिकारः लोकतन्त्रको आधार)***

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| सि.नं | विवरण | पेज नं. |
| --- | --- | --- |
| १. | कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. | कार्यालयमा रहने कर्मचारीको विवरण | ४ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी | ७ |
| ५. | सम्पादन गरेका कामको विवरण | ११ |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | २९ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३२ |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ३४ |
| ९. | कार्यालयको वेबसाइट | ३४ |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ३५ |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवं नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई सुसंस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पुऱ्याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयनमा उतार्न सम्बन्धित मन्त्रालयहरूमा लेखी पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्नेसम्मका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य पनि यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू पनि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्दछन्। साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य पनि यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा विभिन्न कार्य जिम्मेवारी तोकिएका छन् । यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजस्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना

कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार यस कार्यालयमा हाल ११ वटा महाशाखा र २७ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा २३५ जनाको स्वीकृत स्थायी दरबन्दी र ४५ करार दरबन्दी रहेको छ। यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहत विभिन्न क्षेत्र हेर्ने सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न ११ वटा महाशाखामा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ । यस कार्यालयको दरबन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ।

**स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज**


| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | मुख्यसचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २ | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | ४ |
| ३ | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४ | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | १ |
| ५ | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६ | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ९ |
| ७ | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ८ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २३ |
| ९ | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| १० | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| ११ | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १२ | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |
| १३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ४२ |
| १४ | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १५ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |
| १६ | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | २ |
| १७ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | – | – | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | – | – | १ |
| १९ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | – | १ |
| २० | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| २१ | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २२ | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | – | २० |
| २३ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | – | १ |
| २४ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | – | – | ३४ |
| २५ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| २६ | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | – | १ |
| २७ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ५ |
| २८ | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | – | १ |
| २९ | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३० | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | – | – | ३ |
| ३१ | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३२ | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | – | – | १ |
| ३३ | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – | १८ |
| ३४ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ३३ |
| ३५ | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| ३६ | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ७ |
| ३७ | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | २ |
| | **जम्मा** | | | | | २३५ |

## सेवा करारबाट पूर्ति भएका पद संख्या

| सि. न. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ८ |
| २ | हे.टे. ब्वाई | रा.प.अनं.द्वितीय | विविध | | ३ |
| ३ | हेभी सवारी चालक | श्रेणी विहीन | | | १ |
| ४ | ह.स.चा. | श्रेणी विहीन | ई. | – | १८ |
| ५ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | ४१ |
| | **जम्मा** | | | | ७१ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालयअन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| मुख्यसचिव डा. बैकुण्ठ अर्याल | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री अर्जुन भण्डारी |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री गोकुल बस्नेत |
| **३. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री हीरामणि शर्मा** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा (केन्द्रीय) | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा | उपसचिव श्री प्रदिप श्रेष्ठ |
| (ग) मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |
| **आर्थिक तथा पूर्वाधार विकास** | **सचिव श्री एकनारायण अर्याल** |
| **१. लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा** | **सहसचिव श्री खोमराज कोइराला** |
| (क) कृषि, वन तथा वातावरण शाखा | उपसचिव श्री उमेश राज रिमाल |
| (ख) अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा | उपसचिव श्री यज्ञ पुरी |
| **२. पूर्वाधार विकास महाशाखा** | **सहसचिव** |
| (क) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा | उपसचिव श्री राम प्रसाद सापकोटा |
| (ख) खानेपानी, सहरी विकास तथा सञ्चार- शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| **प्रशासन तथा नतिजा व्यवस्थापन क्षेत्र** | **सचिव श्री गणेश प्रसाद पाण्डेय** |
| **१. प्रशासन महाशाखा** | **सहसचिव श्री नारायणप्रसाद भट्ट** |
| (क) प्रशासन शाखा | उपसचिव श्री शिवहरि पोखरेल |
| (ख) आर्थिक प्रशासन शाखा | उपसचिव श्री सूर्य बहादुर भण्डारी |
| (ग) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (बालुवाटार) | उपसचिव |
| **२. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) तत्काल समस्या समाधान केन्द्र | उपसचिव श्री सन्तोषप्रसाद दाहाल |
| (ख) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री ज्ञानहरि घिमिरे |
| (ग) तथ्याङ्क शाखा | उपसचिव श्री कमल पौडेल |
| (घ) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री मनिष भट्टराई |
| **राष्ट्रिय सुरक्षा तथा सुशासन क्षेत्र** | **सचिव श्री गणेश प्रसाद पाण्डेय** |

| | |
|---|---|
| **१. राष्ट्रिय सुरक्षा तथा कूटनीतिक समन्वय महाशाखा** | **सहसचिव श्री बुद्ध बहादुर गुरुङ्ग** |
| (क) सूचना समन्वय शाखा | उपसचिव श्री भविश्वर पाण्डे |
| (ख) सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा | उपसचिव श्री कविता फुँयाल |
| **२. शासकीय सुधार महाशाखा** | **सहसचिव श्री प्रद्युम्न प्रसाद उपाध्याय** |
| (क) सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा | उपसचिव श्री विष्णु प्रसाद सुवेदी |
| (ख) सम्पत्ति शुद्धिकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री सुभाष न्यौपाने |
| (ग) हेलो सरकार शाखा | उपसचिव श्री छविलाल पाण्डे<br>उपसचिव श्री राजु खनाल |
| **सामाजिक विकास तथा प्रादेशिक समन्वय** | **सचिव श्री अर्जुन प्रसाद पोखरेल** |
| **१. सामाजिक विकास तथा रूपान्तरण महाशाखा** | **सहसचिव श्री संगीता ओझा** |
| (क) महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा | उपसचिव श्री कुशला पौडेल |
| (ख) शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा | उपसचिव श्री राजमणि दाहाल |
| **२. प्रादेशिक समन्वय तथा योजना महाशाखा** | **सहसचिव श्री रेखा दास** |
| (क) प्रादेशिक समन्वय शाखा | उपसचिव श्री चक्रपाणि शर्मा |
| (ख) योजना, अनुगमन तथा विपद् समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| **कानून तथा मानव अधिकार** | **सचिव श्री लीला देवी गडतौला** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | **सहसचिव श्री दल बहादुर अधिकारी** |
| (क) कानून शाखा | उपसचिव श्री ओम प्रकाश बराल |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री मनिराम ज्ञवाली |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री राजेन्द्र न्यौपाने |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री राजुप्रसाद गुरागाई |
| **इन्जिनियरिङ्ग क्लष्टर** | **सचिव श्री मणिराम गेलाल**<br>**सहसचिव श्री लोकनाथ पौड्याल** |
| विशेष पद* | **सचिव श्री खगेन्द्रप्रसाद नेपाल** |

**नोटः मिति २०७८/०९/१४ गतेको मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको रा.प. विशिष्ट श्रेणीको सचिव -१ विशेष पदको दरबन्दी सिर्जना भएको ।*

## यस अवधिमा अनिवार्य अवकास तथा राजीनामाबाट सेवा निवृत्त कर्मचारीहरू

| सि.नं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री गोपीकृष्ण खनाल | सचिव |
| २. | श्री कृष्ण गोविन्द महर्जन | कार्यालय सहयोगी |

## यस अवधिमा कार्यालय वा अन्तर्गत बढुवा, सरुवा तथा पदस्थापन भै आउनुभएका कर्मचारीहरू

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री कृष्णहरि पुष्कर | सचिव |
| २. | श्री अर्जुन प्रसाद पोखरेल | सचिव |
| ३. | श्री मणि राम गेलाल | सचिव |
| ४. | श्री लीला देवी गडतौला | सचिव |
| ५. | श्री लेखनाथ ज्ञवाली | उपसचिव |
| ६. | श्री तुलारा सुनुवार | उपसचिव |
| ७. | श्री तेज नारायण यादव | उपसचिव |
| ८. | श्री कमल पौडेल | उपसचिव (तथ्याङ्क) |
| ९. | श्री सुसना शर्मा | शाखा अधिकृत |
| १०. | श्री तेज कुमार ओली | शाखा अधिकृत |
| ११. | श्री विष्णु प्रसाद भुसाल | शाखा अधिकृत |
| १२. | श्री असीम रेग्मी | शाखा अधिकृत |
| १३. | श्री विकेन पौडेल | शाखा अधिकृत |
| १४. | श्री कुलचन्द्र अर्याल | शाखा अधिकृत |
| १५. | श्री हरिगोविन्द कर्मचारी | शाखा अधिकृत |
| १६. | श्री रविन्द्र राजभण्डारी | शाखा अधिकृत (परराष्ट्र) |
| १७. | श्री ध्रुव अधिकारी | तथ्याङ्क अधिकृत |
| १८. | श्री रिया भट्टराई | शाखा अधिकृत (कानून) |
| १९. | श्री रमेश कुमार सिंह | पुस्तकालय सहायक |
| २०. | श्री चन्द्रकान्त पौडेल | नायब सुब्बा |

## यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई अरू निकायमा जानुभएका कर्मचारीहरूको विवरण

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री कृष्णहरि पुष्कर | सचिव |
| २. | श्री विनोद प्रकाश सिंह | सचिव |
| ३. | श्री उदयराज सापकोटा | सचिव |
| ४. | श्री रामकृष्ण लामिछाने | सहसचिव |
| ५. | श्री अरूणा जोशी | सहसचिव |
| ६. | श्री शालिक राम दाहाल | उपसचिव |
| ७. | श्री शिवहरि पोखरेल | उपसचिव |
| ८. | श्री राजेश पन्थी | उपसचिव |
| ९. | श्री गिता घिमिरे | उपसचिव |
| १०. | श्री विपिन दुवाडी | उपसचिव (परराष्ट्र) (बढुवा) |
| ११. | श्री तारानाथ पनेरू | शाखा अधिकृत |
| १२. | श्री महेन्द्र सिंह रावल | शाखा अधिकृत |
| १३. | श्री बाबुराम अधिकारी | शाखा अधिकृत |
| १४. | श्री उत्तम खतिवडा | शाखा अधिकृत |
| १५. | श्री अशोक न्यौपाने | शाखा अधिकृत (बढुवा) |
| १६. | श्री पवन बस्नेत | कम्प्यूटर अधिकृत |
| १७. | श्री याम प्रसाद तिवारी | कम्प्यूटर अधिकृत |
| १८. | श्री निर्मल लामा | कम्प्यूटर अधिकृत (बढुवा) |
| १९. | श्री दिपक तिम्सिना | नायब सुब्बा |
| २०. | श्री रामबाबु खनाल | नायब सुब्बा |
| २१. | श्री हरिकृष्ण चौलागाई | नायब सुब्बा |
| २२. | श्री पुरूषोत्तम चौधरी | कम्प्यूटर अपरेटर |
| २३. | श्री विज्ञान शर्मा लुईटेल | कम्प्यूटर अपरेटर |
| २४. | श्री चन्द्रमा पौडेल | पुस्तकालय सहायक |

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०८०/८१ को प्रथम त्रैमासिक (२०७९ साउन-असोजसम्म) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरूः

- *सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मिति २०८०।०६।०४ गते नेपालको तर्फबाट संयुक्त राष्ट्रसंघको ७८ औं महासभालाई सम्बोधन गर्नुभएको । त्यसका लागि मिति २०८०/०५/३० मा सम्माननीय प्रधानमन्त्रीलगायतको प्रतिनिधिमण्डल अमेरिका प्रस्थान गरेको।*
- *तत्पश्चात सम्माननीय प्रधानमन्त्रीबाट मिति २०८०।०६।०५ देखि २०८०।०६।१३ गतेसम्म जनवादी गणतन्त्र चीनको भ्रमण भई द्विपक्षीय हितका विभिन्न विषयमा छलफल हुनुका साथै दुई देशबीच विभिन्न विषयमा सम्झौता तथा समझदारी-पत्रमा हस्ताक्षर भएको ।*
- *सम्माननीय प्रधानमन्त्रीले प्रमुख अतिथिको हैसियतमा विभिन्न सार्वजनिक कार्यक्रमहरूमा सहभागी भई मन्तव्य/सम्बोधन राख्नु भएको । साथै, विभिन्न स्मारिका तथा प्रकाशनको लागि शुभकामना मन्तव्य प्रदान गर्नुभएको ।*
- *आ.व. २०८०/८१ को प्रथम त्रैमासिक अवधिमा नेपाल सरकार, मन्त्रिपरिषद्का १३ वटा बैठक बसी ३६२ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको । मन्त्रिपरिषद्का विभिन्न समितिहरूको २५ वटा बैठकले गरेका ३२ वटा निर्णयहरूको लेखन, निकासा, अभिलेख तथा सञ्चारसम्बन्धी कार्य गरिएको ।*
- *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको आ.व. २०८०/८१ को वार्षिक कार्ययोजना बमोजिम मुख्य-मुख्य क्रियाकलाप र माइलस्टोनहरू तयार गरी अनलाइन मनिटरिङ्ग प्रणालीमा प्रविष्टि र मासिक रूपमा प्रगति अद्यावधिक गरिएको ।*
- *गल्छी त्रिशुली मैलुङ सडकमा देखिएका समस्या समाधानका लागि समन्वय बैठक सम्पन्न गरी समस्या समाधानका लागि सहजीकरण गरिएको ।*
- *दशैं, तिहार, छठलगायतका चाडपर्वमा बजारमा हुने विकृति, विसङ्गतिलाई मध्यनजर गरी बजार अनुगमनलाई सघन बनाउने र वस्तु तथा सेवाको सहज आपूर्ति गर्ने अभिप्रायले माननीय कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काको समुपस्थितिमा बसेको बैठकका विभिन्न निर्णयहरूको कार्यान्वयनका लागि समन्वय गरिएको ।*
- *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको आ.व. २०८०/८१ को वार्षिक कार्ययोजनाबमोजिम मुख्य-मुख्य क्रियाकलाप र माइलस्टोनहरू तयार गरी अनलाइन मनिटरिङ्ग प्रणालीमा प्रविष्टि र मासिक रूपमा प्रगति अद्यावधिक गरिएको ।*

- गल्छी त्रिशुली मैलुङ सडकमा देखिएका समस्या समाधानका लागि समन्वय बैठक सम्पन्न गरी समस्या समाधानका लागि सहजीकरण गरिएको ।
- नजिकिँदै गरेका चाडपर्वलाई लक्षित गरी बजार अनुगमनलाई सघन बनाई वस्तु तथा सेवाको सहज आपूर्ति गर्ने सम्बन्धमा माननीय कार्यवाहक प्रधानमन्त्री पूर्णबहादुर खड्काको समुपस्थितिमा बैठक बसी भएका विभिन्न निर्णयहरूको कार्यान्वयन गरिएको ।
- आ.व. २०७९/८० को विनियोजन, राजस्व, धरौटी, कार्य संचालनको आन्तरिक लेखापरीक्षण सम्पन्न गरिएको ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका विभिन्न २३ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको।
- विभिन्न प्रदेशका पदाधिकारी तथा कर्मचारीहरूलाई वैदेशिक भ्रमणको सहमति उपलब्ध गराउने तथा राहदानी एवं भिसा सिफारिश गरिएको ।
- नेपालका लागि मित्रराष्ट्रहरू श्रीलङ्काको आवासीय राजदूत र मित्रराष्ट्रहरू घाना र गणतन्त्र इस्टोनियाका गैरआवासीय राजदूतहरूको नियुक्तिका लागि सहमति प्रदान गरिएको।
- हेलो सरकार कक्षमा सम्बन्धित निकायबाट समाधान भै आएकामध्ये फछ्र्यौट गर्न उपयुक्त देखिएका १,८३१ गुनासो फछ्र्यौट गरिएको ।
- विभिन्न गठन आदेश, नियमावली, निर्देशिका र कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्ने कार्य गरिएको ।
- यस कार्यालयसमेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएका आदेश (थान ७) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको । साथै, विभिन्न तहका अदालतबाट आएका मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर-पत्र सम्बन्धित अदालतमा पठाइएको ।

यस अवधिमा यस कार्यालयका विभिन्न महाशाखा/शाखाहरूबाट सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार छः

## ५.१ प्रधानमन्त्रीको निजी सचिवालय

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालयबाट भएको पत्राचार, मन्तव्य तथा शुभकामना सन्देशसम्बन्धी विवरणः

| सि.न. | विवरण | संख्या |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्रीज्यूका सम्बोधनहरू | ४८ |
| २. | सम्माननीय प्रधानमन्त्रीज्यूले विभिन्न संघसंस्था तथा निकायहरूलाई दिनुभएको शुभकामना सन्देशहरू | ५८ |
| ३. | दर्ता भएका पत्रहरू | ४५२ |
| ४. | मन्त्रालय/निकायमा कार्यार्थ पठाइएका पत्र (बाह्य) | ३२१ |
| ५. | प्र.म.तथा मं.प.का.भित्रका महाशाखा/शाखामा कार्यार्थ पठाइएका निवेदनहरू | ५३ |
| ६. | टिप्पणी दर्ता | ४० |
| ७. | टिप्पणी सदर | ४० |
| ८. | माननीय उपप्रधानमन्त्री/मन्त्री/राज्यमन्त्रीज्यूहरूको भ्रमण स्वीकृति | ९३ |
| ९. | विश्वविद्यालयसम्बन्धी पत्रहरू | १८ |

- सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मिति २०८०।०६।०४ गते नेपालको तर्फबाट संयुक्त राष्ट्रसंघको ७८ औं महासभालाई सम्बोधन गर्नुभएको । त्यसका लागि मिति २०८०/०५/३० मा सम्माननीय प्रधानमन्त्रीलगायतको प्रतिनिधिमण्डल अमेरिका प्रस्थान गरेको ।
- ततपश्चात सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०८०।०६।०५ देखि २०८०।०६।१३ गतेसम्म जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण भई द्विपक्षीय हितका विभिन्न विषयमा छलफल हुनुका साथै दुई देशबीच विभिन्न विषयमा सम्झौता तथा समझदारी-पत्रमा हस्ताक्षर भएको ।

## ५.२ मुख्यसचिवको सचिवालय

- मन्त्रिपरिषद्को बैठकको सहजीकरणको लागि प्राप्त विषयगत विषयमा सचिव बैठक आयोजनाका लागि सचिवालयले सञ्चार, समन्वय तथा सहजीकरण गरेको।
- मन्त्रिपरिषद् समितिका २५ वटा बैठकहरू सञ्चालन भई ३२ वटा निर्णयहरु गरिएको । उक्त बैठक लागि आवश्यक समन्वय/सहजीकरण र निर्देशनबमोजिम कार्य गरिएको ।

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ६ वटा बढुवा समितिको बैठकमा मुख्य सचिवलाई सहभागी गराई वढुवा सम्वन्धी काममा सहजीकरण गर्नुका साथै निर्णयहरू प्रमाणित गर्ने कार्यमा समेत सहयोग पुऱ्याएको ।
- नेपाल सरकारको नाममा प्राप्त अध्ययन, तालिम वा भ्रमणको बाँडफाँडको लागि छात्रवृत्ति समितिको ७ वटा बैठक व्यवस्थापन सम्बन्धी कार्य गरेको र सो अवधिमा वसेको बैठकका निर्णयहरु प्रमाणित गराउने, सोको कार्यान्वयनका लागि समन्वय र सहजीकरण समेत गरिएको।
- ३ वटा सचिव बैठक आयोजनामा समन्वय र सहजीकरण गर्नुका साथै निर्णय कार्यान्वयनका लागि आवश्यक समन्वय गरिएको ।
- ४२२ वटा पत्रहरु E-Registration गरी मुख्य सचिवज्यूसमक्ष प्रस्तुत गरी आदेशानुसार Online बाट नै कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरुसमक्ष पठाइएको ।
- नेपाल सरकारका सचिवहरूको ५८ वटा स्वदेश भ्रमण तथा विदाको Digital अभिलेख राख्नुका साथै सचिवहरूबाट पेश भएको भ्रमण प्रतिवेदन कार्यान्वयनको लागि समन्वय र अभिलेखीकरण गरिएको ।
- संवैधानिक अङ्गका पदाधिकारी, प्रदेश प्रमुख,नेपाल सरकारका सचिवहरू र अन्य विभागीय प्रमुखहरुको सम्पर्क नम्बर, E-mail Address र वरियताक्रम अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिएको।
- सूचना प्रविधि र सुशासन विषयक अन्तरक्रियामा मुख्यसचिवज्यूलाई सहभागी गराउनका लागि आवश्यक सहजीकरण र समन्वय गरेको।
- १५ वटा वैदेशिक निकायबाट Reception Dinner/ Meeting को लागि भई आएको अनुरोध कार्यन्वयनमा समन्वय, सहजीकरण गरेको ।
- अनुगमन समितिको बैठकमा मुख्यसचिवज्यूलाई सहभागी गराउनका लागि आवश्यक सहजीकरण र समन्वय गरेको।
- स्वदेशी तथा विदेशी संस्था र व्यक्तिहरुद्वारा विभिन्न अवसरमा आयोजना गरिएको चियापान, रात्रीभोज, दिवाभोज लगायतका कार्यक्रममा मुख्य सचिवज्यूलाई सहभागिताको लागि सूचना दिने, कार्यक्रम सहभागिताको सुनिश्चितता लिने र सम्बन्धित पक्षलाई जानकारी दिने लगायतका कार्यहरु गरेको।
- संघीय निजामती सेवा ऐनको बारेमा भएको बैठक र माननीय उपप्रधानमन्त्रीज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालयका सचिवज्यूहरुसँग छलफल गर्न आयोजित कार्यक्रममा समन्वय, सहयोग र सञ्चार सम्बन्धी कार्य गरेको।

- सम्माननीय प्रधानमन्त्रीज्यूबाट विभिन्न देशमा भएको भ्रमणको कार्यक्रमका लागि आवश्यक सहजीकरण गरेको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको संगठन र सर्वेक्षण सम्बन्धी बैठकको समन्वय सहजीकरण र व्यवस्थापन गरेको।
- लोक सेवा आयोग, महालेखापरीक्षक जस्ता संवैधानिक निकायहरुको वार्षिक कार्यक्रममा मुख्यसचिवज्यूलाई सहभागी गराउने कार्यमा समन्वय, सहजीकरण गरेको।
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको Senior Management Team र Extended Senior Management Team को बैठकको लागि हल व्यवस्थापन, प्रविधि व्यवस्थापन, लगायत अन्य व्यवस्थापकीय कार्य र अन्य प्रशासनिक प्राविधिक कार्यमा सहयोग पुऱ्याएको।
- देहायका स्वदेशी तथा विदेशी पदाधिकारीहरुको भेटघाट कार्यमा समन्वय, सहजीकरण, सञ्चार र अन्य आवश्यक कार्य गरेको र भेटघाटको समयमा परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रलायको सम्बन्धित प्रतिनिधिलाई सहभागी गराउन र उक्त भेटघाटको लागि Talking Points बनाई वा माग गरी मुख्यसचिवज्यू समक्ष प्रस्तुत गर्ने कार्य समेत गरेको ।
  - MCC Delegation
  - American Ambassdor
  - UNDP Resident Representative
  - UNFPA Courtesy Meeting
  - World Bank Country Director
  - Consulate of Lebanon
- देहायबमोजिमको कार्यक्रम/बैठक/भेटघाट/छलफलका लागि श्रीमान् मुख्यसचिवको सहभागिताका लागि आवश्यक समन्वय, सहजीकरण, सञ्चार व्यवस्थापन गरेकोः
  - गृह, वन, उद्योग, अर्थ मन्त्रालय समेतका सचिवहरूसँग क्रसर उद्योगसम्बन्धी छलफल
  - अर्थ, पर्यटन मन्त्रालय समेतका सचिवहरुसँग हवाईजहाज टिकटमा भ्याटसम्बन्धी छलफल
  - लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतसँग छलफल
  - सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री पुष्पकमल दाहाल प्रचण्डज्यूको प्रमुख आतिथ्यतामा आधुनिक सूचना प्रविधिले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव विषयक उच्चस्तरीय अन्तरक्रिया
  - वाणिज्य, कृषि सचिवहरुसँग चिनी आयात सम्बन्धी छलफल
  - आ.व २०८०/०८१ को बजेट कार्यान्वयनका सम्बन्धमा माननीय अर्थमन्त्रीको समुपस्थितिमा भएको छलफल
  - व्यावसायिक वातावरण सहजीकरण (Ease of Doing Business) कार्ययोजनाको कार्यान्वयनको अवस्था, व्यावसायिक वातावरण सहजीकरणको नयाँ ढाँचा तथा आगामी कार्यदिशाका विषयमा छलफल

- सोह्रौं योजना तर्जुमा सम्बन्धमा गठन भएको निर्देशक समितिको बैठक
- कार्यविस्तृतिकरण परिमार्जन सिफारिस समितिको बैठक
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान प्रशिक्षण परिषद्को बैठक
- प्रशासनिक समन्वय परिषद्को बैठक
- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय योजना आयोगको बैठक
- मन्त्रालय स्तरीय समस्या समाधान समितिको बैठक
- निजामती कर्मचारी अस्पतालको ट्रान्सप्लान्ट सेन्टर सम्बन्धी बैठक
- सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीहरूको बीच भएको Performance agreement
- सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डज्यूको प्रमुख आतिथ्यतामा उपलब्धि एवं सुधारका पहलहरुका सम्बन्धमा भएको छलफल
- महालेखापरीक्षकको कार्यालयमा लेखापरीक्षण व्यवस्थापन सम्बन्धी छलफल तथा अन्तरक्रिया
- निजामती सेवा दिवस सम्बन्धी छलफल
- कोटेश्वर तिनकुने जग्गाको मुआब्जा सम्बन्धी छलफल
- बागमती किनारमा बसेको सुकुम्बासी समस्या सम्बन्धी छलफल
- निजामती पुरस्कार सम्बन्धी बैठक
- अनौपचारिक क्षेत्र तथा स्वरोजगारमा रहेका श्रमिकहरूको सामाजिक सुरक्षा योजना शुभारम्भ कार्यक्रम
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा प्रबन्ध, क्रिप्टोकरेन्सी र सुरक्षा सम्बन्धी विषयमा छलफल
- आन्तरिक राजस्व विभागको आ.व. २०७९/०८० मा सम्पादन गरेका कार्यहरुको प्रगति समीक्षा गरी आ.व. २०८०/८१ को कार्यगत लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति तथा कार्यदिशा
- राष्ट्रिय तथ्याङ्क कार्यालयको दुई दिवसीय समीक्षा तथा अभिमुखीकरण कार्यक्रम
- सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना दिवस कार्यक्रम
- नवनियुक्त राजदूतहरुसँगको अन्तरक्रिया कार्यक्रम
- काठमाडौं उपत्यकाको एकीकृत फोहोरमैला व्यवस्थापन सम्बन्धी बैठक
- सम्माननीय प्रधानमन्त्री तथा बोर्डका अध्यक्ष श्री पुष्पकमल दाहाल प्रचण्डज्यूको अध्यक्षतामा लगानी बोर्डको पचपन्नौ बैठक

- सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डज्यूको आसन्न चीन भ्रमणको तयारीको सन्दर्भमा नेपाल-जनवादी गणतन्त्र चीनबीच नेपाली पक्षबाट उठाउनुपर्ने द्विपक्षीय हितका महत्वपूर्ण विषयहरुबारे छलफल
- नवनिर्मित प्रदेश प्रमुख र मुख्यमन्त्रीहरुको सम्पर्क कार्यालय तथा निवासको समुद्घाटन र साँचो हस्तान्तरण कार्यक्रम
- सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ४१ औं बैठक
- प्रभावकारी आर्थिक कूटनीतिमा नेपाली नियोग र निजी क्षेत्रको सहकार्य विषयक छलफल
- सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको समुपस्थितिमा संविधान दिवस (राष्ट्रिय दिवस) मूल समारोह समिति, २०८० गठन तथा कार्यक्रमको बैठक
- निजामती सेवा दिवस मूल समारोह कार्यक्रम
- सम्माननीय प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्षज्यूको अध्यक्षतामा लगानी बोर्डको वार्षिकोत्सव कार्यक्रम
- निजामती सेवा दिवस २०८० को अवसरमा वृक्षारोपण गर्ने कार्यक्रम
- पूर्व कर्मचारी सेवा परिषद्को वार्षिक साधारण सभा र निजामती सेवा दिवसको कार्यक्रम
- कर्मचारी सञ्चय कोष परिवारको ६२ औँ वार्षिककोत्सव कार्यक्रम
- कार्यबाहक प्रधानमन्त्री माननीय श्री पूर्णबहादुर खड्काज्यूको समुपस्थितिमा संविधान दिवस (राष्ट्रिय दिवस) कार्यक्रम
- प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको बैठक
- बजार अनुगमन सम्बन्धी छलफल
- ३७ औं आधारभूत प्रशासन प्रशिक्षणको शुभारम्भ कार्यक्रम
- श्री राज्य व्यवस्था तथा सुशासन समितिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कामकारबाही तथा विधयेकमाथि छलफल
- श्री सार्वजनिक लेखा समितिमा बेरुजु सम्परीक्षणमा लेखा उत्तरदायी अधिकारीहरुको भूमिका, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व लगायतका विषयमा छलफल
- नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजना गरेको राष्ट्रिय आर्थिक बहस कार्यक्रम
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक उत्सव

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## ५.३ मन्त्रिपरिषद् बैठक शाखा

- मन्त्रिपरिषद्का १३ वटा बैठक बसी ३६२ वटा निर्णयहरू भएकोमा उक्त बैठकहरूको निर्णय लेखन, निकासा तथा सञ्चार सम्बन्धी कार्य गरिएको।
- आ.व. २०७९/८० मा मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको अभिलेख व्यवस्थापनसम्बन्धी कार्य सम्पन्न गरिएको।
- बागमती प्रदेशमा मन्त्रिपरिषद्/समिति बैठक सञ्चालन प्रकृया एवम् निर्णय कार्यान्वयनप्रणालीको अध्ययन/अवलोकन गरिएको ।

नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस्

## ५.४ मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा

- नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न बैठकबाट निर्णय भएका जम्मा २४२ निर्णयहरू प्रणालीमार्फत अनुगमन गरी आ.व. २०८०/८१ को प्रथम त्रैमासिक प्रगति प्रतिवेदन तयार भैरहेको।
- मन्त्रिपरिषद्का निर्णयहरूको कार्यान्वयन र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन निर्णयहरू प्रणालीमा प्रविष्ट गर्ने कार्यमा सम्बन्धित मन्त्रालयहरूका पदाधिकारीलाई सहजीकरण गरिएको ।
- नेपाल सरकार मन्त्रिपरिषदबाट भएको महत्वपूर्ण निर्यणहरूको स्थलगत रूपमा अवलोकन तथा अनुगमन गरी प्रतिवेदनसम्बन्धी कार्य भएको ।
- राजनीतिक प्रकृतिका नियुक्ति/मनोनयनको पदपूर्तिसम्बन्धी विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा अद्यावधिक गरिएको ।

## ५.५ मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा

| समितिको नाम | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|
| प्रशासन समिति | १ | २ |
| सामाजिक समिति | १ | ७ |
| आर्थिक तथा पूर्वाधार समिति | ३ | ६ |
| विधेयक समिति | २० | १८ |
| **जम्मा** | **२५** | **३२** |

मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## ५.६ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यअन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, बिदा, बढुवा, पुरस्कार, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाश सम्बन्धी कार्यहरू गरिएको ।
- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको ।
- कार्यालय बैठकलगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको ।
- कार्यालय परिसरभित्र सरसफाइ एवं हरियाली प्रवर्द्धनसम्बन्धी कार्य गरिएको ।
- वार्षिक खरिद योजनाअनुरूपका निम्न कार्यहरु सम्पन्न गरिएको:-
  - यस कार्यालयका लागि आवश्यक स्टेशनरी तथा मसलन्द सामग्री खरिदको लागि खरिद सम्झौता भएको।
  - यस कार्यालयका लागि खाद्य तथा पेय पदार्थ खरिद प्रयोजनका लागि विद्युतीय बोलपत्र आह्वान गरी मूल्याङ्कनको चरणमा रहेको।
  - कार्यालय र परिसर सरसफाइ तथा सो का लागि आवश्यक सामग्री खरिद गर्न सम्झौताको म्याद थप गरिएको।
  - सोझै खरिद गर्नुपर्ने प्रकृतिका वस्तु तथा परामर्श सेवा नियमित रुपमा खरिद कार्य गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विद्युतीय सुशासन आयोगको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण कार्य सम्पन्न भएको।
- राष्ट्रिय तथ्याङ्क कार्यालय र राजस्व अनुसन्धान विभाग र अन्तर्गतको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण गर्ने कार्य अन्तिम चरणमा रहेको।
- सूचना प्रविधि विभागद्वारा विकसित गरिएको एकीकृत सूचना व्यवस्थापन प्रणाली (GIOMS) यस कार्यालयमा २०८० साउन १ गतेदेखि लागू गरिएको ।

## ५.७ आर्थिक प्रशासन शाखा

- आ.व.०७९/८० को विनियोजन, राजस्व, धरौटी, कार्य संचालनको आन्तरिक लेखापरीक्षण सम्पन्न गराइएको ।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको ।
- NPSAS मा आधारित केन्द्रीय आर्थिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय पठाइएको ।

- आ.व. ०७९/८० को वार्षिक आर्थिक विवरण को.ले.नि.का.बाट प्रमाणित गराइएको ।
- यस कार्यालय तथा अन्तर्गतका निकायहरूको बेरुजुको लगत अद्यावधिक गरिएको ।

## सामाजिक विकास तथा रूपान्तरण महाशाखा

### ५.८ महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा शाखा

- महिला बालबालिका ज्येष्ठ नागरिक तथा अपाङ्गताको क्षेत्रमा स्थानीय तहले प्रदान गरेको सेवा प्रवाहको अनुगमन सम्पन्न गरिएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अध्ययन र अनुगमन सम्पन्न गरिएको ।

### ५.९ शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा

- प्रगति प्राप्त हुन नसकेको ।

## प्रादेशिक समन्वय तथा योजना महाशाखा

### ५.१० प्रादेशिक समन्वय शाखा

- संघीय निकाय, ७ वटै प्रदेश र स्थानीय तहहरूसँग अन्तरक्रियात्मक छलफल सम्पन्न भई कार्यविस्तृतीकरण परिमार्जनका लागि आवश्यक सामाग्री संकलन भएको ।
- प्रशासनिक समन्वय परिषद्को बैठक वि.सं २०८०।०४।१४ मा सम्पन्न गरी अन्तर-तह छलफलका लागि आधार तयार गरिएको ।

### ५.११ योजना, अनुगमन तथा विपद् समन्वय शाखा

- यस कार्यालयको आ.व. २०८०/८१ को वार्षिक विकास कार्यक्रमको वार्षिक कार्ययोजना तर्जुमा गरिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको आ.व. २०८०/८१ को वार्षिक कार्ययोजना बमोजिम मुख्य-मुख्य क्रियाकलाप र माइलस्टोनहरू तयार गरी अनलाइन मनिटरिङ्ग प्रणालीमा प्रविष्टि गरिएको र सो को मासिक रूपमा प्रगति अद्यावधिक गरिएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूको आ.व. २०७९/८० को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको।

## ५.१२ सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा

### सूचनाको हक कार्यान्वयनसम्बन्धमा

- यस आ.व.को प्रथम त्रैमासिकमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका २३ वटा निवेदनमा आवश्यक कारबाही गरी सूचना उपलब्ध गराइएको । अन्य निकायसँग सम्बन्धित निवेदनहरू सम्बन्धित निकायमा लेखी पठाइएको । (थप विवरण प्रतिवेदनको क्र.सं १० मा समावेश गरिएको छ)

### राजदूत नियुक्ति सहमति

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका निम्न मित्रराष्ट्रका आवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति |
|---|---|---|---|
| १. | H.E. Air Chief Marshal Sudarahana Karagoda Pathirana | श्रीलङ्का | २०८०/०५/११ |

- नेपालसँग दौत्यसम्बन्ध कायम भएका निम्न मित्रराष्ट्रका गैरआवासीय राजदूतको नियुक्तिका लागि सहमति प्रदान गरिएको:

| क्र.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति |
|---|---|---|---|
| १. | H.E. Dr. Winfred Nii Okai Hammond | घाना | २०८०/०४/२३ |
| २. | H.E. Mrs. Marje Luup | गणतन्त्र इस्टोनिया | २०८०/०४/२३ |

### वैदेशिक भ्रमण तथा भिसा सहजीकरण

- बागमती प्रदेशका माननीय खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्री श्री तीर्थ बहादुर लामाको अमेरिका भ्रमणका लागि परराष्ट्र मन्त्रालयमा सहमतिको लागि लेखि पठाइएको ।
- कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री राजकुमार शर्मालगायतको स्वीट्जरल्याण्ड भ्रमणका लागि राहदानी तथा भिसा सहजीकरण गरिएको ।
- लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री श्री डिल्लीबहादुर चौधरीको Laureats and Leaders Summit कार्यक्रमको पूर्वतयारीको क्रममा हुने भारत भ्रमणको लागि राहदानी तथा भिसा सहजीकरण गरिएको ।
- विभिन्न प्रदेश र सो अन्तर्गत कार्यरत २२ जना कर्मचारीहरूलाई वैदेशिक भ्रमण/तालिमका सन्दर्भमा विभिन्न देशको भ्रमणका लागि विशेष राहदानी उपलब्ध गराउन सिफारिस गरिएको।
- परराष्ट्र मन्त्रालयबाट प्राप्त UK-Nepal 21st Century Partnership दस्तावेजको अवधारणापत्र (Concept Note) मा ९ बुँदे राय/सुझाव दिइएको ।

**अन्य कार्यहरू**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०७९/८० को चौथो त्रैमासिक विवरण (२०८० वैशाख-असार) तयार गरी कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको।
- राष्ट्रिय सूचना आयोगलगायत सरोकारवाला निकायबाट माग भई आएका विवरण समयमा नै उपलब्ध गराइएको ।

## ५.१३ सूचना समन्वय शाखा

- राष्ट्रिय सुरक्षा तथा सुशासन क्षेत्र हेर्नुहुने श्रीमान् सचिव डा. गणेश प्रसाद पाण्डेज्युको अध्यक्षतामा मिति २०८०/०४/१० गते राष्ट्रिय सुरक्षा-सूचना (National Intelligence) सम्बन्धी बैंठक बसी इन्टेलिजेन्स प्रणालीलाई सुदृढ गर्ने तथा यस विषयमा देखिएका चुनौती र समस्या समाधानको लागि सबै सुरक्षा निकाय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबीच प्रत्येक ३-३ महिनामा समन्वय बैठक आयोजना गर्ने समेतका विभिन्न निर्णयहरू भएका ।

## ५.१४ सुशासन प्रवर्धन तथा भ्रष्टाचार निगरानी शाखा

- प्रगति प्राप्त हुन नसकेको ।

## ५.१५ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- नेपालको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तेस्रो पारस्परिक मूल्याङ्कनको कार्यको सम्बन्धमा Post Plenary कार्ययोजना, नयाँ राष्ट्रिय रणनीति (२०८०-२०८५) तयारीका लागि सम्बद्ध निकाय एवं सरोकारवालाहरूसँग बैठक सम्पन्न भएको साथै मस्यौदा सम्बन्धमा सम्बन्धित निकायहरुसँग सुझाव उपलब्ध गराउनको लागि पत्राचार गरी सुझाव संकलन भइरहेको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-८१) पूरक कार्ययोजना २०७७ को हालसम्म प्रगति प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि सम्बन्धित निकायसँग प्रगति विवरण संकलन भइरहेको।
- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको सम्बन्धमा सम्बन्धित निकायबाट आ.व. २०७९।८० मा नियमन/सुपरीवेक्षण, अनुसन्धान र अन्य सम्बन्धमा सम्पादन भएका कार्यहरूको तथ्याङ्कीय विवरण संकलन भइरहेको।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८०-२०८५) को मस्यौदा सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गरी सुझाव सङ्कलन भइरहेको ।
- AML/CFT सम्बन्धी राष्ट्रिय समन्वय समितिको १२६ औं र १२७ औं बैठक क्रमशः मिति २०८०।०४।१५ र २०८०।०६।१४ गते सम्पन्न भएको।

## ५.१६ हेलो सरकार कक्ष

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित सेवा प्रवाहलगायत विभिन्न विषयमा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाइ गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्य सञ्चालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्धन गर्नका लागि गुनासो गर्न चाहने जो कोहीलाई देहायबमोजिमको माध्यमबाट हेलो सरकार कक्षको शाखामा सूचना दिने व्यवस्था मिलाइएकोः

- टोल फ्रि टेलिफोन नम्बर १११९ मा टेलिफोन गरी शाखाका कर्मचारीलाई टिपाएर ।
- शाखाको फ्याक्स नम्बर ११०० मा फ्याक्स गरेर ।
- शाखाको 1111@nepal.gov.np मा इमेल गरेर ।
- कार्यालयको बेवसाइट www.gunaso.opmcm.gov.np को Complaints and Suggestion बाट पठाएर ।
- ट्वीटर तथा फेसबुक पेजको गुनासो गेटमा सन्देश पठाएर ।
- मोबाइल एपमा गुनासो पठाएर ।
- हेलो सरकार शाखामा पत्र पठाएर ।
- गुनासोकर्ता स्वयं उपस्थित भई विवरण टिपाएर ।
- एस.एम.एसमार्फत गुनासो पठाएर ।
- Viber मार्फत गुनासो पठाएर ।
- अन्य

**हेलो सरकार शाखाबाट प्रथम त्रैमासिक अवधिमा सम्पादन भएका मुख्य-मुख्य कामहरू**

- हेलो सरकार कक्षमा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, ट्वीटर, इमेल, नागरिक एप, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थिति भै) बाट प्राप्त ६२०८ (प्राप्त भएका गुनासा र फछ्यौंटका लागि पुनः प्राप्त भएका समेत) गुनासोहरुलाई

अध्ययन गरी सम्वन्धित निकायमा पठाउन उपयुक्त देखिएका गुनासो आवश्यक कारवाहीका लागि सम्वन्धित निकायमा पठाईएको।

- यस अवधिमा (२०८० श्रावण १ गते देखि असोज मसान्त सम्म) सम्वन्धित निकायबाट समाधान भई आएका मध्ये फछ्यौंट गर्न उपयुक्त देखिएको जम्मा १८३१ गुनासो फछ्यौंट गरिएको ।
- मिति २०७६/०४/०१ देखि संचालनमा आएको नयाँ विद्युतीय पोर्टलमा २०७६/०४/०१ देखि हाल सम्म प्राप्त गुनासो ३८८०७ मध्ये ५८.६२% गुनासो फछ्यौंट भएको।
- मिति २०८० भाद्र १७ गते वाट हेलो सरकार कक्षलाई २४ घण्टा सञ्चालनमा ल्याइएको।
- हेलो सरकार कक्षको भौतिक संरचनामा थप सुधार गरिएको ।
- हेलो सरकारको आ. व. २०८०/८१ को वार्षिक प्रतिवेदनको मस्यौदा तयारी तथा छलफल अन्तिम चरणमा रहेको ।

## नतिजा व्यवस्थापन महाशाखा

### ५.१७ तत्काल समस्या समाधान केन्द्र, नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा

- एकिकृत अनुगमन प्रणालीमार्फत प्राप्त प्रगति विवरणको आधारमा नेपाल सरकारको आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरिएको। आ.व. २०८०/८१ को श्रावण तथा भाद्र महिनाको मासिक प्रगति प्रतिवेदन तयार गरिएको।
- आ.व. २०७९/८० को कार्यसम्पादनको अवस्था एवम् २०८०/८१ कार्ययोजना सम्बन्धमा प्रधानमन्त्रीज्यूको समुपस्थितिमा वार्षिक समीक्षा गरिएको ।
- आ.व. २०८०/८१ का लागि सम्मानीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीहरुज्यूबीच वार्षिक कार्यसम्पादन सम्झौता सम्पन्न गरिएको ।
- केन्द्रीय अनुगमन तथा मूल्याँङ्कन समितिको २ वटा (६६ औं र ६७औं) बैठक सम्पन्न भई बैठकका निर्णयहरु कार्यान्वयनका निम्ति सम्बन्धित निकायमा पत्राचार गरिएको।
- मन्त्रालयहरुको मासिक कार्य प्रगतिको रिपोर्ट कार्ड तयार गरी पेश गरिएको ।
- गल्छी त्रिशुली मैलुङ सडकमा देखिका समस्या समाधानका लागि समन्वय बैठक सम्पन्न गरी समस्या समाधानका लागि सहजीकरण गरिएको ।
- मुख्य सचिवज्यूको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्याँङ्कन समितिको २ वटा बैठक सम्पन्न भई उक्त बैठकका निर्णयहरु कार्यान्वयनका निम्ति सम्बन्धित निकायमा पत्राचार गरिएको ।

- नजिकिँदै गरेका चाडपर्वलाई लक्षित गरी बजार अनुगमनलाई सघन बनाई वस्तु तथा सेवाको सहज आपूर्ति गर्ने सम्बन्धमा माननीय कार्यवाहक प्रधानमन्त्री पुर्णबहादुर खड्काज्यूको समुपस्थितिमा बैठक बसी विभिन्न निर्णयहरु भएका र सोको कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाई कार्यान्वयन भइरहेको ।

## ५.१८ सूचना प्रविधि शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाईट, क्याबिनेट स्वचालन प्रणाली, यस कार्यालयको स्वचालित कार्यालय प्रणाली, ई-हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, यस कार्यालयको SMS Portal, हेलो सरकार लगायतका सम्पूर्ण पोर्टलहरूको नियमित सञ्चालन र अद्यावधिक गरिएको ।
- ७१ जना कर्मचारीहरुको परिचय-पत्र छपाई गरिएको ।
- कार्यालयको स्टुडियो सेट सञ्चालनमा ल्याइएको ।
- नेपाल टेलिकमको Intranet (L2) Link को आवस्थाको चेक जाँच गरी Action Room प्रयोग प्रयोजनार्थ यस कार्यालय र प्रधानमन्त्री निवास बालुवाटारमा टेस्ट गरी सातै प्रदेशमा उक्त Link Setup गराइ प्रयोगमा ल्याएको।
- हेलो सरकार शाखाको स्थानान्तरण गर्ने क्रममा नयाँ स्थानमा सूचना प्रविधिजन्य उपकरणहरू जडानमा सहयोग तथा सहजीकरण गरिएको ।
- कार्यालयमा सामाजिक सञ्जालको प्रयोग गर्ने कार्यविधि निर्माण प्रयोजनार्थ आवश्यक कार्य गरी पेश गरिएको ।
- गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नतीका लागि TOR तयार गरी खरिद कार्य अगाडि बढाइएको।
- मन्त्रिपरिषद्, मन्त्रिपरिषद् समिति र मन्त्रिपरिषद् निर्णय कार्यान्वयन प्रणालीको स्तरोन्नतिका लागि TOR तयार पारिएको।
- एकीकृत अनुगमन प्रणालीको स्तरोन्नतिका लागि आवश्यकता पहिचान र प्रणाली आपूर्तिकर्ताहरुलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइएको ।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्फेसिफिकेसन तयारी तथा गुणस्तरको मूल्याङ्कन गरिएको ।
- शाखा प्रमुखको अध्यक्षतामा गठित कार्यालयको विभिन्न खरिद कार्यको मूल्याङ्कन समितिको कार्य सम्पन्न गरी पेश गरिएको ।
- कार्यालयमा देखिने नियमित प्रकृतिका सूचना प्रविधि सम्बन्धी समस्या समाधान गरिएको ।

## ५.१९ अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा र कृषि, वन तथा वातावरण शाखा

- व्यावसायिक वातावरण प्रवर्द्धन समन्वय समितिको दुईपटक बैठक सम्पन्न भएको र बैठकले चालू आ.ब. मा व्यावसायिक वातावरणका लागि सुधारका क्षेत्रहरु पहिचान गरेको।
- विश्व वैंकको प्राविधिक सहयोगमा सञ्चालित प्रदेशस्तरीय लगानी वातावरण मूल्याङ्कन गर्न Provincial Investment Climate Assessment (PICA) अध्ययनको प्रारम्भिक प्रतिवेदन उपर श्रीमान् मुख्य सचिवज्यूको समुपस्थितिमा संघीय सरकारका मन्त्रालयहरु, प्रदेश सरकार, स्थानीय सरकारका प्रतिनिधिहरु तथा विकास साझेदारहरुसँग उच्चस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको।
- व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धमा नेपाल सरकारका सम्वद्ध मन्त्रालयहरु, प्रदेश सरकारका प्रतिनिधिहरु र विकास साझेदारहरुसँग विभिन्न विषयमा तीनवटा अन्तर्क्रिया सम्पन्न भएको।
- औद्योगिक पूर्वाधारको आयोजनाहरुको अनुगमन गर्ने सन्दर्भमा काठमाडौंको चोभारमा रहेको सुक्खा बन्दरगाह र झापा जिल्लाको काकडभिट्टामा रहेको सुक्खा बन्दरगाहको अनुगमन गरिएको।
- सम्मानित सर्बोच्च अदालतको आदेश बमोजिम कीटाणुनाशक विषादीको अवशेष परीक्षणको अवस्था तथा आगामी कार्ययोजना सम्बन्धी प्रतिवेदनको कार्यान्वयनका लागि जिम्मेवार पदाधिकारी तोक्ने र स्रोत सुनिश्चितता सहित कार्ययोजनामा परिमार्जन गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- भर्मि कम्पोष्ट मल उत्पादन तथा वितरण सम्बन्धी मापदण्डका विषयमा सरोकारवाला पक्षहरुसँग सम्माननीय प्रधानमन्त्रीज्यू समुपस्थितिमा सम्वाद कार्यक्रम सम्पन्न गरिएको ।
- निम्न विषयमा अध्ययन सम्बन्धी अवधारणापत्र स्वीकृति भएको र अध्ययन कार्य प्रारम्भ भएको:
  - सार्वजनिक-निजी सम्वादका लागि निजी क्षेत्रको सहभागितामा व्यावासायिक वातावरण सहजीकरण सम्बन्धी सम्वाद कार्यक्रम
  - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषिको उत्पादनमा पारेको प्रभाव सम्बन्धी प्रभाव सम्बन्धी अध्ययन
  - वैदेशिक लगानी प्रतिवद्धता र प्राप्ति बीचको अन्तर न्यूनीकरण सम्बन्धी अध्ययन
  - पूर्वाधार निर्माणका लागि वातावरणीय अध्ययन र वनक्षेत्र उपयोगको प्रकियालाई सहजीकरण, लागत न्यूनीकरण र समय अवधि घटाउन गर्नुपर्ने नीतिगत सुधारको लागि अध्ययन

## ५.२० भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा र खानेपानी, शहरी विकास तथा सञ्चार शाखा

- मिति २०८० साउन १ गते नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा क्रशर उद्योग व्यवस्थापन सम्बन्धमा छलफल भएको।
- मिति २०८० साउन ४ र १५ गते बबरमहलस्थित रेट्रोफिटीङको कार्य सम्पन्न हुन लागेकोर तत्कालीन अवस्थामा महालेखापरीक्षकको कार्यालय, सडक विभाग र जिल्ला निर्वाचन कार्यालय काठमाडौं बसेको भवन के कसरी उपयोग गर्ने सम्बन्धमा छलफल भएको तथा बबर महलस्थित भवनको स्थलगत अनुगमन समेत गरी प्रतिवेदन पेस गरेको।
- मिति २०८० साउन १७ र २१ गते चक्रपथ विस्तार आयोजना (दोस्रो चरण), काठमाडौं उपत्यकाको शौन्दर्यीकरण तथा सडकमा रहेका खाल्डाखुल्डीलगायत हालसम्मको प्रगति, कार्यान्वयनमा देखिएका समस्या तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गरिनुपर्ने समन्वयका विषयमा छलफल भएको। बैठकबाट सडकमा थुप्रिएका माटोलगायत निस्केको फोहोरमैला १५ दिनभित्र व्यवस्थापन गर्ने, सडक विभागअन्तर्गत सडकमा परेका खाल्डाखुल्डी सडक विभागले १५ दिनभित्र व्यवस्थापन गर्ने लगायतका निर्णय भएको।
- मिति २०८० साउन २१ र २०८० असोज १५ गते नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा निर्माण व्यवसायीको माग सम्बोधन तथा खरिद कानूनको परिमार्जन सम्बन्धमा छलफल भएको। बैठकबाट निर्माण व्यवसायी महासंघले उठाएका मागको सम्बोधन तथा खरिदसम्बन्धी कानूनको परिमार्जनका लागि गठित कार्यदलले पेस गरेको प्रतिवेदन र सो प्रतिवेदनका आधारमा तयार पारिएको कार्ययोजना स्वीकृतिको लागि पेस गर्ने निर्णय भएको।
- मिति २०८० साउन ३० गते पोखरा खानेपानी सुधार आयोजनाअन्तर्गत पोखरा महानगरपालिका-१५ स्थित कोलपाटन ओभरहेड ट्याङ्कीको सम्बन्धमा सरोकारवालाको उपस्थितिमा छलफल भएको । बैठकले खानेपानी मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन गरेकोमा उक्त कार्यदलले पेस गरेको प्रतिवेदन आवश्यक कार्यार्थ खानेपानी मन्त्रालय पठाइएको।
- मिति २०८० असोज ४ गते नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा तथा सरोकारवाला मन्त्रालयका सचिव तथा सम्बन्धित पदाधिकारी सम्मिलित बैठकमा अरुण तेस्रो जलविद्युत परियोजनाको पावरहाउससम्म जाने पहुँचमार्गमा पर्ने जग्गाको मुआब्जा वितरण सम्बन्धमा छलफल भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका पूर्वाधार विकास महाशाखा प्रमुख संयोजक तथा अर्थ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, भौतिक पूर्वाधार

तथा यातायात मन्त्रालय र लगानी बोर्डबाट सहसचिव तथा नापी विभागका महानिर्देशक सदस्य रहेको समिति गठन भएकोमा समितिले पेस गरेको प्रतिवेदन आवश्यक कार्यार्थ लगानी बोर्डको कार्यालयमा पठाइएको।

- २०८० असोज ९ गते मेलम्ची खानेपानी आयोजनाको तत्कालीन सुरुङ निर्माण कार्यको इटालियन ठेकेदार CMC बाट विभिन्न स्थानीय आपूर्तिकर्ताले भुक्तानी नपाएका कारणबाट सृजित समस्या समाधानको लागि सरोकारवाला निकायहरूको उपस्थितिमा छलफल भएको।
- निर्माण व्यवसायी महासंघले उठाएका माग र खरिदसम्बन्धी कानुनको परिमार्जनका लागि गठित कार्यदलले पेश गरेको राय-सुझाव कार्यान्वयन गर्न तयार पारिएको कार्ययोजना नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री स्तर) मिति २०८०/०६/१६ गतेको निर्णयानुसार स्वीकृत भई कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको।

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

### ५.२१ कानून तथा फैसला कार्यान्वयन शाखा

- यस कार्यालयसमेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएका आदेश (थान ७) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको ।
- सम्माननीय प्रधानमन्त्री, मन्त्रिपरिषद् तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई दायर गरिएका मुद्दाहरूमा पठाइएका लिखित जवाफः आ. व. २०८०/८१: ९१ वटा (दर्ता भएका), १३ वटा (पठाउन बाँकी) ।
- सम्मानित सर्वोच्च अदालतमा जीवनाशक विषादीको अवशेष परीक्षणको अवस्था तथा आगामी कार्ययोजना सम्बन्धी प्रतिवेदनमा तत्कालै सम्पन्न गर्नुपर्ने अल्पकालीन कार्यक्रम तथा निरन्तर गर्नुपर्ने कार्यक्रमका लागि स्रोत विनियोजन एवं जिम्मेवार पदाधिकारीसमेत किटान गरी परिमार्जन गरिएको कार्ययोजनासहितको प्रतिवेदन तयार गरी पठाइएको।
- आ. व. २०८०/८१ को साउनदेखि असोजसम्म नयाँ/संशोधन एवं स्वीकृत भएका कानूनी दस्तावेजहरूको विवरणः

| क्र. सं. | विवरण | नयाँ/संशोधन स्वीकृत मिति |
|---|---|---|
| १. | नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरू, २०८० | २०८०।०४।३ को निर्णयानुसार स्वीकृत। |
| २. | विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० | २०८०।०४।१६ को निर्णयानुसार स्वीकृत। |
| ३. | श्रम (पहिलो संशोधन) नियमावली, २०८० | २०८०।०४।१६ को निर्णयानुसार स्वीकृत। |

| | | |
|---|---|---|
| ४. | शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (२०८०) | २०८०।०४।१६ को निर्णयानुसार संघीय संसदमा पेस गर्न स्वीकृत। |
| ५. | कर्जा सुरक्षण (चौधौं संशोधन) नियमावली, २०८० | नेपाल सरकार, मन्त्रिपरिषद्को समितिमा छलफलका लागि पेस गर्ने निर्णय। |
| ६. | बैङ्किङ् कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक (२०८०) | २०८०।०४।२३ को निर्णयानुसार संघीय संसदमा पेस गर्न स्वीकृत। |
| ७. | अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८० | २०८०।०५।१२ को निर्णयानुसार स्वीकृत। |
| ८. | भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (२०८०) | २०८०।०५।१२ को निर्णयानुसार संघीय संसदमा पेस गर्न स्वीकृत। |
| ९. | विद्युत सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (२०८०) | २०८०।०५।१२ को निर्णयानुसार संघीय संसदमा पेस गर्न स्वीकृत। |
| १०. | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०८० | २०८०।०५।२१ को निर्णयानुसार स्वीकृत। |
| ११. | नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० | २०८०।०५।२९ को निर्णयानुसार स्वीकृत। |
| १२. | विशेष अदालत नियमावली, २०८० | २०८०।०६।१६ को निर्णयानुसार स्वीकृत। |
| १३. | सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (२०८०) | २०८०।०६।१६ को निर्णयानुसार संघीय संसदमा पेस गर्न स्वीकृत। |
| १४. | निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (२०८०) | २०८०।०६।१६ को निर्णयानुसार संघीय संसदमा पेस गर्न स्वीकृत। |
| १५. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) नियमावली, २०८० | आवश्यक कारबाहीको लागि अर्थ मन्त्रालयमा पठाइएको। |
| १६. | हेलो सरकार गुनासो व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८० | स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस गरिएको। |

## मानवअधिकार महाशाखा

### ५.२२ मानव अधिकार शाखा

- प्रगति विवरण प्राप्त हुन नसकेको ।

## ५.२२ इन्जिनियरिङ क्लस्टर

- विघटित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट हस्तान्तरित पुनर्निर्माणसम्बन्धी कार्यको अनुगमन र सहजीकरण सम्बन्धमा मिति २०८०/०५/३१ मा बैठक बसी विभिन्न निकाय अन्तर्गत विभिन्न स्थानमा निर्माणाधीन योजनाहरूको स्थलगत अनुगमन गरी प्रतिवेदन गर्ने लगायतका निर्णयहरू गरिएको ।

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ । राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ । कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी दिने व्यवस्था गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

### प्रवक्ताको विवरण

| नाम | : | नारायण प्रसाद भट्ट |
|---|---|---|
| पद | : | सहसचिव |
| महाशाखा | : | प्रशासन |
| फोन नं. | : | ९७७-१-५९७१०६९ |
| इमेलः | : | spokesperson@opmcm.gov.np |



### सहायक प्रवक्ताको विवरण

| नाम | : | सन्तोषप्रसाद दाहाल |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | तत्काल समस्या समाधान केन्द्र |
| फोन नं. | : | ९७७-१- ५९७१०२३ |
| इमेलः | : | vice-spokesperson@opmcm.gov.np |



### सूचना अधिकारीको विवरण

| नाम | : | कविता फुयाल |
|---|---|---|
| पद | : | उपसचिव |
| शाखा | : | सूचना, सञ्चार तथा वैदेशिक समन्वय शाखा |
| फोन नं. | : | ९७७-१- ५९७१०१४ |
| इमेल | : | kabita.phuyal@nepal.gov.np |



## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण**

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवं उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५

- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

तालिका १

आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण

| सि. नं. | ब.उ.सि.नं. | वार्षिक वजेट | पहिलो त्रैमासिक खर्च | | कैफियत |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति | |
| चालु | ३०१०००१२३ | ४११,६८४,०००.०० | ६५,६७४,३९३.६० | १५.९५ | |
| | ३०१०००११३ | ७६,०००,०००.०० | ५,२८१,८३८.०० | ६.९५ | |
| जम्मा | | ४८७,६८४,०००.०० | ७०,९५६,२३१.६० | १४.५५ | |
| पुँजीगत | ३०१०००१२४ | ११,५५०,०००.०० | २६८,६१०.०० | २.३३ | |
| जम्मा | | ११,५५०,०००.०० | २६८,६१०.०० | २.३३ | |

- यस वर्षको पहिलो त्रैमासिकमा पूँजीगततर्फ २.३२ प्रतिशत र चालुतर्फ १४.५५ प्रतिशत कूल वित्तीय प्रगति भएको ।

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

| https://www.opmcm.gov.np |
| --- |

वेबसाइटमा सम्मानित प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यू लगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवं नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना उपलब्ध गराइएको विवरण

| सि. नं. | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
| --- | --- | --- |
| १. | श्री नारायण प्रसाद शर्मा, स्याङ्जाले इमेलमार्फत् निवेदन गर्दै सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको उपचार खर्च सम्बन्धमा मन्त्रिपरिषद् बैठकले गरेको निर्णय माग गर्नुभएको । | निवेदकले माग गरेको सूचना परराष्ट्र मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं १३९ मिति २०८०/०४/१८ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| २. | श्री सन्दिप घर्तिमगर, काठमाण्डौंले सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको उपचार खर्च सम्बन्धमा मन्त्रिपरिषद् बैठकले गरेको निर्णय माग गर्दै मिति २०८०/०४/०८ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना परराष्ट्र मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं १४३ मिति २०८०/०४/१८ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ३. | श्री अजय अनुरागी, लोकान्टर डटकम, ललितपुरले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाललगायत वर्तमान मन्त्रिपरिषदका सदस्यहरू एवं पूर्व मन्त्रीहरूको सम्पत्ति विवरण माग गर्दै यस कार्यालयमा मिति २०८०/०३/२९ मा निवेदन दर्ता गर्नुभएको । | वर्तमान सरकारको मन्त्रिपरिषद्का सबै सदस्यहरूले कानूनबमोजिम पेस गर्नुपर्ने सम्पत्ति विवरण बुझाइसकेको एवं कानूनबमोजिम पेस गरिएको सम्पत्ति विवरण नेपाल सरकार, मन्त्रिपरिषदबाट सार्वजनिक गर्ने निर्णय भएपश्चात् निजहरूले पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गरी पुनः खामबन्दी गरी राख्ने गरिएको । अख्तियार दुरूपयोग् अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (३) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (४) बमोजिम सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई मात्र उपलब्ध गराउन सकिने कानूनी व्यवस्था रहेको हुँदा |

| | | |
|---|---|---|
| | | च.नं १७६ मिति २०८०/०४/२१ गतेको पत्रबाट सोही सूचना उपलब्ध गराइएको । |
| ४. | श्री भेषराज लुइटेल, पाल्पाले सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको उपचार खर्च सम्बन्धमा सूचना माग गर्दै मिति २०८०/०४/१६ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना परराष्ट्र मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं १३९ मिति २०८०/०४/१८ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ५. | श्री नारायण प्रसाद अर्याल, स्याङ्जाले झापास्थित गिरिबन्धु टी सस्टेटको स्वामित्वमा रहेको जग्गाको विषयमा वि.सं २०७८ मा मन्त्रिपरिषद् बैठकबाट भएको निर्णय माग गर्दै २०८०/०४/१८ गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं २०० मिति २०८०/०४/२५ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ६. | श्री शिवप्रसाद अधिकारी, नुवाकोटले भ भूतपूर्व एवं बहालवाला सबै प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण माग गर्दै मिति २०८०/०४/१४ मा निवेदन दर्ता गर्नुभएको । | सो सम्बन्धमा यस कार्यालयको मन्त्रिपरिषद् बैठक शाखाका अनुसार नेपाल सरकारका पूर्व तथा बहालवाला सबै सदस्यहरूले कानूनबमोजिम नै सम्पत्ति विवरण बुझाइसकेको व्यहोरा प्राप्त भएको । कानूनबमोजिम पेस गरिएको सम्पत्ति विवरण नेपाल सरकार, मन्त्रिपरिषदबाट सार्वजनिक गर्ने निर्णय भएपश्चात् निजहरूले पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गरी पुनः खामबन्दी गरी राख्ने गरिएको । अख्तियार दुरूपयोग् अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (३) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (४) बमोजिम सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई मात्र उपलब्ध गराउन सकिने कानूनी व्यवस्था रहेको भन्ने व्यहोरा शाखाबाट लेखि आएको हुँदा च.नं २२२ मिति २०८०/०४/२८ गतेको पत्रबाट सोही सूचना उपलब्ध गराइएको । |
| ७. | श्री भेषराज लुइटेल, पाल्पाले नेपाल आयल निगमलाई पेट्रोलियम पदार्थको | सम्बन्धित शाखाहरूबाट प्राप्त जानकारीअनुसार यस कार्यालयबाट सम्बन्धित निकायलाई सो विषयमा |

| | | |
|---|---|---|
| | मूल्य घटाउन दिइएको निर्देशनलगायतको सूचना माग गर्दै मिति २०८०/०६/१८ मा यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | लिखित पत्राचार नगरिएको साथै यस सम्बन्धमा थप सूचनाको स्रोत वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल आयल निगम रहेकोले यस कार्यालयको च.नं १५७९ मिति २०८०/०४/१८ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ८. | श्री दिपकराज जोशी, डोटीले विदेशस्थित नेपाली नियोगहरूबाट हुने कागजात प्रमाणीकरण दस्तुर निर्धारणसँग स्म्बन्धित निर्णयबारे सूचना माग गर्दै वि.सं २०८०/०६/१५ गते यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना परराष्ट्र मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं १३६७ मिति २०८०/०६/१६ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ९. | श्री सञ्जय अधिकारी, काठमाडौंले वि.सं २०८० भाद्र २९ गते उद्योग मन्त्रालय, गृह मन्त्रालय तथा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट भएको प्रस्तावका सम्बन्धमा सूचना माग गर्दै २०८०/०६/१७ गते यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचनासँग सम्बन्धित निर्णयहरू सम्बन्धित मन्त्रालयमै निकासा हुने हुँदा उक्त निकायहरूबाटै सूचना प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिएको । |
| १०. | श्री अरूण कुमार बम, डोटीले सूचना जाँचबुझ आयोग ऐन, २०२६ अन्तर्गत २०४७ सालयता नेपाल सरकारबाट निर्माण भएका जाँचबुझ आयोगहरूको विभिन्न विवरण माग गर्दै २०८०/०५/१८ मा यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | च.नं ९७५ मिति २०८०/०५/२७ गतेको पत्रबाट विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित जाँचबुझ आयोग गठनको लागि सम्बन्धित मन्त्रालयबाट निर्णयको लागि प्रस्ताव आउने र नेपाल सरकार मन्त्रिपरिषदबाट उक्त विषयमा निर्णय भई निर्णयको सक्कल प्रति कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयमा नै पठाइने हुँदा सो सम्बन्धी सूचना सम्बन्धित मन्त्रालयहरूबाट नै प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| ११. | श्री युवराज सफल, सिन्धुलीले एमसिसि सम्झौताको १२ बुँदे व्याख्यात्मक घोषणाको प्रमाणित प्रतिलिपिलगायतका सूचना माग गर्दै २०८०/०६/०७ मा यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना अर्थ मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं १३०० मिति २०८०/०६/१२ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |

| | | |
|---|---|---|
| १२ | श्री भेषराज लुइटेल, पाल्पाले क्रसर उद्योग सञ्चालन र नवीकरणसम्बन्धी विविध सूचना माग गर्दै मिति २०८०/०५/२५ मा इमेलमार्फत निवेदन गर्नुभएको । | निवेदकले माग गरेबमोजिम सूचना उपलब्ध गराइएको । |
| १३. | श्री एस. के. तिमिल्सिना, काठमाडौंले विभिन्न समयमा गठन भएका नागरिकता आयोगले पेस गरेको गरेको प्रतिवेदनको प्रतिलिपि माग गर्दै २०८०/०५/१० मा इमेलमार्फत निवेदन गर्नुभएको । | निवेदकले माग गरेको गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं ९६० मिति २०८०/०५/२६ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| १४. | श्री रूक्साना कपाली, ललितपुरले उमेर, नाम र जात सच्याउने (तेस्रो संशोधन) नियम, २०८० को प्रमाणित प्रतिलिपि माग गर्दै मिति २०८०/०५/१८ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं ८२६ मिति २०८०/०५/१९ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| १५. | श्री प्रमोद कुमार सुवेदी, बाराले तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम गठन भएको र हाल अस्तित्वमा नरहेको विशेष प्रहरी विभागको कामकारबाहीको जवाफदेहिता सम्बन्धमा सूचना माग गर्दै मिति २०८०/०५/१२ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेबमोजिम सूचना उपलब्ध गराइएको । |
| १६. | श्री रूक्साना कपाली, ललितपुरले मिति नेपाल संवत् ११४३ गुंला ३० मा शिक्षा विधेयकको मस्यौदा र त्यसमा निहित अन्तर्वस्तुको बारेमा सूचना माग गर्दै इमेलमार्फत निवेदन गर्नुभएको । | निवेदकले माग गरेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं ८१४ मिति २०८०/०५/१८ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने सूचना प्रदान गराइएको । |

| | | |
|---|---|---|
| १७. | श्री नारायण प्रसाद अर्याल, स्याङ्जाले यस यस कार्यालयको मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा प्रविष्टि गरिएको क्रियाकलाप अनुसारको विनियोजन बजेट, रकमान्तर, थप, घट, खुद बजेट तथा खर्च देखिने विवरण माग गर्दै २०८०/०४/२१ गते इमेलमार्फत निवेदन गर्नुभएको । | निवेदकले माग गरेबमोजिम सूचना उपलब्ध गराइएको । |
| १८. | श्री भेषराज लुइटेल, पाल्पाले दियालो बंगलामा भरतपुर व्यारेक सार्ने विषयमा सूचना माग गर्दै इमेलमार्फत निवेदन गर्नुभएको । | निवेदकले माग गरेको सूचना नेपाल ट्रष्टको कार्यालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं ३५३ मिति २०८०/०५/०७ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने सूचना प्रदान गराइएको । |
| १९. | श्री विनोद देउजा, डोटीले विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोध र एकीकरण गर्न बनेको विधेयक निर्माणसम्न्धी विविध विवरण माग गर्दै मिति २०८०/०४/२९ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं २८३ मिति २०८०/०५/०१ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने सूचना प्रदान गराइएको । |
| २०. | श्री पुन्यप्रसाद खतिवडा, काठमाडौंलगायतले पशुमा लाग्ने लम्पी स्किन नामक संक्रामक रोगसँग सम्बन्धित विविध विषयमा सूचना माग गर्दै मिति २०८०/०४/१८ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं १८३ मिति २०८०/०४/२४ को पत्रमार्फत सो मन्त्रालयलाई निर्देश गरिएको । |
| २१. | श्री बिमल प्रसाद पोखरेल, प्यूठानले सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको भारतमा भएको उपचार खर्चको विवरण माग गर्दै मिति २०८०/०४/१४ गते इमेलमार्फत निवेदन गर्नुभएको । | निवेदकले माग गरेको सूचना परराष्ट्र मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं १८४ मिति २०८०/०४/२४ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| २२. | श्री सम्भु कुमार अधिकारी, ललितपुरले विद्यालय शिक्षा सम्बन्धी कानूनलाई | निवेदकले माग गरेको सूचना शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस |

| | | |
|---|---|---|
| | संशोधन र एकीकरण गर्न बनेको विधेयक निर्माण सम्बन्धी विभिन्न विवरण माग गर्दै मिति २०८०/०४/२१ गते निवेदन दर्ता गर्नुभएको । | कार्यालयको च.नं २१६ मिति २०८०/०४/२६ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |
| २३. | श्री सोम प्रसाद लुईंटेल, काठमाडौंले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सँग सम्बन्धित भएर विभिन्न तथ्यगत सूचना माग गर्दै मिति २०८०/०४/२४ गते यस कार्यालयमा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित देखिएकोले यस कार्यालयको च.नं २२९ मिति २०८०/०४/२९ गतेको पत्रबाट उक्त निकायबाटै आवश्यक सूचना प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराइएको । |